नियम संख्या : ९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/११/११

# कैलारी गाउँपालिका स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४

## कैलारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली

## परिच्छेद -१
## प्रारम्भिक


१. संक्षिप्त नाम र प्रारम्भ १
२. परिभाषा २
३. कार्यविधिको उद्देश्य
४. कार्यविधिको कार्यक्षेत्र


## परिच्छेद -२


५. अनुदानका किसिम
६. चालु खर्च
७. वित्तिय समानिकरण बाँडफाँडका आधार
८. पूँजिगत खर्च
९. समपूरक कोष सम्बन्धी व्यवस्था
१०. लक्षित समूह विकास कार्यक्रम
११. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास
१२. प्रवर्द्धनात्मक क्षेत्र
१३. खर्च गर्न निषेध गरिएका विषयहरु
१४. आयोजना व्यवस्थापन सेवा(कन्टेन्जेन्सी) खर्च सम्वन्धी व्यवस्था


## परिच्छेद -३


१५. स्थानीय राजश्व परामर्श समिति
१६. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति
१७. एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति
१८. योजना तर्जुमा तथा कार्यान्वयन


## परिच्छेद -४


१९. कार्यक्रम आयोजना कार्यान्वयन प्रक्रिया
२०. आयोजनाको लागत अनुमान सम्वन्धी व्यवस्था
२१. उपभोक्ता समिति सम्बन्धि व्यवस्था
२२. सार्वजनिक निजि साझेदारी
२३. ठेक्का पट्टा सम्बन्धी व्यवस्था
२४. सडक निर्माण सम्वन्धी विशेष व्यवस्था
२५. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्वन्धी व्यवस्था
२६. जनसहभागिता एवम् लागत सहभागिता
२७. कार्यक्रम वा आयोजना संचालन सम्बन्धी कार्यतालिका
२८. कार्यक्रम कार्यान्वयन तथा संचालन सहयोग गर्नुपर्ने


## परिच्छेद -५


२९. सुपरिवेक्षण तथा अनुगमन समिति
३०. अनुगमन सम्वन्धी थप व्यवस्था

३१. आयोजना जाचपास र फरफारक सम्बन्धी व्यवस्था
३२. प्रगति प्रतिवेदन एवम् समिक्षा सम्बन्धी व्यवस्था
३३. मूल्यांकन तथा पुरस्कार सम्वन्धी व्ववस्था

**परिच्छेद -६**

३४. बजेट अख्तियारी र निकासा सम्बन्धी व्यवस्था

**परिच्छेद -७**

३५. स्थानीय सन्चित कोष
३६. गाउँपालिकाको स्थानीय सन्चित कोष सञ्चालन र व्यवस्थापन
३७. आकस्मिक तथा विशेष कोष सम्बन्धी व्यवस्था
३८. रकम फ्रिज सम्बन्धी व्यवस्था

**परिच्छेद -८**

३९. कारोवारको लेखा

**परिच्छेद -९**

४०. उत्तरदायित्व सम्वन्धी व्यवस्था
४१. पारदर्शिता सम्बन्धी व्यवस्था
४२. वित्तिय सुशासन जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्था
४३. पूँजिगत अनुदान कटौति वा रोक्का राख्न सकिने

**परिच्छेद -१०**

४४. प्राविधिक कर्मचारी सम्बन्धी व्यवस्था
४५. सामाजिक परिचालक सम्बन्धी व्यवस्था
४६. गा.पा. र जि.स.स. सम्बन्धमा
४७. अन्तर स्थानीय तहको विकास योजना सहजिकरण समिति

**परिच्छेद -११**

४८. विषयगत क्षेत्रको ससर्त अनुदनको कार्यान्वयन

**परिच्छेद -१२**

४९. गाउँपालिकाले अनुदान प्राप्त गर्ने सम्बन्धी व्यवस्था
५०. गैर सरकारी संस्था सम्वन्धी व्यवस्था
५१. निर्देशनको पालना
५२. गा.पा.को भूमिका
५३. थपघट वा हेरफेर गर्न सक्ने
५४. खारेजी र बचाउ

# कैलारी गाउँपालिका स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४

**प्रस्तावना :-**

कैलारी गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीकमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट कैलारी गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, गाउँपालिकाको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरीसन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुर्‍याउन स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी कैलारी गाउँपालिकाबाट "कैलारी गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७४" तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "कैलारी गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७४" रहेको छ ।

(२) यो कार्यविधी गाउँसभाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आर्थिक ऐन" भन्नाले "कैलारी गाउँपालिका आर्थिक ऐन २०७४" सम्झनु पर्छ ।

(ख) "आन्तरिक आय" भन्नाले कैलारी गाउँपालिका आर्थिक ऐन २०७४ गाउँ सभाबाट स्वीकृत दरमा गाउँपालिकाले लिएको स्थानीय कर, शुल्क, सेवा शुल्क, दस्तुर, बिक्री, स्रोत उपभोग, निकासी कर र भाडा वापत उठाएको आम्दानी सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयरा गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ ।

(घ) "उपभोक्तो समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफुहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्छ ।

(च) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

(छ) "कार्यविधि" भन्नाले कैलारी गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ सम्झनु पर्छ ।

(ज) “गैरसरकारी संस्था” भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँ सभा अधिवेशनबाट आफ्ना कार्यक्रम स्वीकृत गराई कैलारी गाउँपालिका सँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

(झ) “ठूला मेशिनरी तथा उपकरण” भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण(बुलडोजर, एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्छ ।

(ञ) “सभा” भन्नाले “गाउँ सभा संचालन कार्यविधी, २०७४” बमोजिम कैलारी गाउँ सभा सम्झनु पर्छ ।

(ठ) “निःशर्त अनुदान” भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य निकायबाट ऐन, नियमावली, र यस कार्यविधिको परिधिभित्र रही गाउँ सभा अधिवेशनबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

(ड) “कार्य विभाजन र कार्य सम्पादन नियमावली” भन्नाले कैलारी गाउँपालिकाको कार्य विभाजन र कार्य सम्पादन ऐन २०७४ लाई सम्झनु पर्नेछ ।

(ढ) “विषयतगत कार्यालय” भन्नाले कैलारी गाउँ पालिका अन्तरगत विभिन्न विषयगत शाखाहरुको निश्चित कार्यक्षेत्र भएका सामान्य प्रशासन शाखा, राजस्व तथा आर्थिक प्रशासन शाखा, पूर्वाधार विकास तथा नियमन शाखा, आर्थिक विकास शाखा, सामाजिक विकास शाखा, योजना अनुगमन तथा तथ्याङ्क शाखा लाई जनाउँछ ।

(त) “विकास साझेदार” भन्नाले कैलारी गा.पा. सँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षय दातृ निकाय, सरकारी तथा गैर सरकारी संघ संस्थालाई सम्झनु पर्छ ।

(थ) “मन्त्रालय” भन्नाले नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनु पर्छ ।

(द) “राजश्व बाँडफाँड” भन्नाले नेपाल सरकार, प्रदेश सरकार र कैलारी गा.पा. लाई प्राप्त हुने आन्तरिक राजस्वलाई समेत जनाउँछ ।

(ध) “लक्षित समूह”भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवम् बलबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, जयेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेरी मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(न) “लैङ्गिक लेखाजोखा (परिक्षण)” भन्नाले महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर अवसर आदिको लेखाजोखा र महिला पुरुषबीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(फ) “स्रोत” भन्नाले कैलारी गाउँपालिकालाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदान, गाउँपालिकाको आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ । सो शब्दले गाउँपालिकामा प्राप्त हुने नेपाल सरकार, प्रदेश सरकारको कोषबाट प्राप्त हुने रकम समेतलाई जनाउँछ ।

(ब) “सशर्त अनुदान” भन्नाले नेपाल सरकार, प्रदेश सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा तोकिएको क्षेत्रमा लगानी र सेवा प्रवाह हुने गरी कुनै योजना, कार्यक्रम वा आयोजना तोकी वा नतोकी क्षेत्रगत वा विशेष उद्देश्य प्राप्तिको

लागि गाउँपालिकाले तोकिएको शर्तको परिधिभित्र रही बाँडफाँड र खर्च गरी अपेक्षित नतिजा हासिल गर्ने अनुदान सम्झनु पर्छ ।

(भ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपकालिकाको कार्यकारी अधिकृत भई काम गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(म) "सामाजिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियमावली बमोजिम स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना, कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(य) "सार्वजनिक परीक्षण" भन्नाले गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट(आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारावालहरु बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनु पर्छ ।

(र) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्व साधारण नागरिक र गाउँपालिकाको पदाधिकारीहरु बीच सार्वजनिक चासोका विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ल) "सामुदायिक संस्था" भन्नाले जनचेतासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशरुक्तीकरण गर्ने उद्नेश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

(व) "योजना" भन्नाले समग्र विकास निर्माणसम्बन्धी तयार पारिएको आवधिक गा.पा. योजना, वार्षिक गा.पा. योजना, जिल्ला सडक गुरुयोजनार विषयगत गुरुयोजना आदि सम्झनु पर्छ ।

(श) "स्थानीय तह" भन्नाले कैलारी गाउँपालिका सम्झनु पर्छ ।

**३. कार्यविधिको उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

(क) कैलारी गाउँपालिकाका सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने ।

(ख) कैलारी गाउँपालिकाको स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने,

(ङ) कैलारी गाउँपालिकामा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने,

(च) कैलारी गाउँपालिकालाई उपलब्ध हुने अनुदानलाई सुत्रमा आवद्ध गरी न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका आधारमा अनुदान प्रदान गर्ने पद्धतिलाई संस्थागत गर्ने र एकीकृत रुपमा स्रोत प्रवाह गर्ने प्रणालीको विकास गर्ने,

(छ) कैलारी गाउँपालिकाको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने,

(ज) सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवम् मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने,

(झ) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाइ मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(ञ) सामाजिक परचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरुको क्षमता बढाउँदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

४. **कार्यविधिको कार्यक्षेत्र :** कैलारी गाउँपालिकालाई प्रापत हुने वित्तिय समानिकरण अनुदान सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त रकम, अन्तर स्थानिय तहबाट प्राप्त ऋण र जनसहभागिताबाट प्राप्त हुन सबै प्रकारका स्रोतको परिचालन एवम् व्यवस्थापन कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

तर, मन्त्रालय, विषयगत शाखा, विकास साझेदार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विकास समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि सम्बन्धित निकायसँग भएको सम्झौता बमोजिम कार्यक्रम वा आयोजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरु यसै कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद - २
## अनुदानका किसिम र रकम विनियोजनका क्षेत्रहरु

**५. अनुदानका किसिम : स्थानीय तहमा निम्न प्रकारका अनुदान उपलब्ध हुनेछन् :-**

(क) **सशर्त अनुदान :**

(१) नेपाल सकारले प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा १ को खण्ड(ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम कैलारी गाउँपालिकालाई प्राप्त अनुदान ।

(ख) **वित्तिय समानीकरण अनुदान :**

(१) नेपाल सरकारबाट प्राप्त अनुदान,

(२) प्रदेश सरकारबाट प्राप्त अनुदान,

(३) आफ्नो स्रोतबाट उठेको प्राप्त राजश्व ।

(ग) **समपूरक कोष अनुदान :**

(१) नेपाल सरकारले गाउँपालिकालाई पूर्वाधार विकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न प्राप्त अनुदान,

(२) प्रदेश सरकारले गाउँपालिकालाई पूर्वाधार विकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न प्राप्त अनुदान ।

(४) **विशेष अनुदान**

(१) नेपाल सरकारले कुनै उद्देश्य राखि गाउँपालिकाबाट सञ्चालन गरिने कुनै विशेष योजनाको लागि प्राप्त अनुदान,

(२) प्रदेश सरकारले गाउँपालिकालाई कुनै उद्देश्य राखि गाउँपालिकाबाट सञ्चालन गरिने कुनै विशेष योजनाको लागि प्राप्त अनुदान ।

**६. चालु खर्च :**

**चालु खर्च अन्तर्गत देहायका खर्चहरु पर्नेछन् :-**

(१) कैलारी गाउँ पालिकाको हकमा आर्थिक प्रशासन नियमावली वमोजिम उपभोग खर्च, कार्यालय सञ्चालन खर्च तथा सेवा खर्च ।

(२) चालू खर्चबाट बजेट विनियोजन र बाँडफाँड गर्दा कर्मचारीहरुको तलब, भत्ता सुविधा र पदाधिकारीहरुको कानून बमोजिम तोकिएको पारिश्रमिक तथा सुविधा छुट्याएर मात्र चालू खर्चका अन्य शीर्षकमा बजेट विनियोजन गर्नुपर्नेछ ।

(३) क्षमता विकास खर्च शीर्षकबाट स्थानीय तहकोक्षमता अभिवृद्धिका लागि गाउँ सभाबाट स्वीकृत गराई सञ्चालन गर्न सकिनेछ :-

(क) कैलारी गाउँपालिकाको विनियम, निर्देशिका, बुलेटिन,आवधिक/विषयगत योजना तयारी एवम् अत्यावश्यक अध्ययन,

(ख) कैलारी गाउँपालिकाको संगठन संरचनाकोअध्ययन कार्य, जिम्मेवारी किटानसम्बन्धी कार्यहरु । तर अध्ययन भएको पाँच वर्ष व्यतित नभई सोही प्रकारको नयाँ अध्ययन गर्न पाईने छैन।

(ग) कैलारी गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, विभिन समिति एवम् संयन्त्रको तालिम , अवलोकन भ्रमण,

(घ) कैलारी गाउँपालिकासँग प्रत्यक्ष सरोकार राख्ने गैरसरकारी संस्था, निजी क्षेत्र, टोल विकास संस्था एवम् समुदायमा आधारित संस्था, उपभोक्ता समितिको क्षमता विकाससम्बन्धी क्रियाकलाप,

(ङ) कैलारी गाउँपालिकाको आन्तरिक संस्था, उपभोक्तासमितिको क्षमता विकासम्बन्धी क्रियाकलाप तथा व्यवस्थापन कार्य,

(च) सामाजिक परिचालनमा संलग्न सामाजिक परिचालक, उत्प्रेरकहरुको क्षमता विकास,

(छ) कैलारी गा.पा. भित्र बसोबास गर्ने महिला, बालबालिका, दलित आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग, मुक्त कमैया, मुक्त हलिया, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति वैदेशिक रोजगारको क्रममा पीडित विपन्न परिवार, आर्थिक एवम् सामाजिक रुपले विपन्न वर्गसम्बन्धी गाउँपालिका स्तरिय संजाल, बालक्लवको क्षमता विकास तथा सीप विकासम्बन्धी क्रियाकलाप,

(ज) कैलारी गाउँपालिकाको क्षमता बृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री, उपकरण आदि खरीद, जडान र व्यवस्थापन,

(झ) कैलारी गाउँपालिकाको क्षमता विकास सम्बन्धमा पहिचान गरिएका अन्य क्षेत्रहरु,

(ञ) पारदिर्शिता तथा उत्तरदायित्व कायम गर्न सञ्चालन गर्ने क्रियाकलपाहरु, (सार्जजनिक सुनुवाई, सर्वाजनिक परीक्षण) एवम् दस्तावेजहरुको तयारी,

(ट) मानव संसाधन विकास केन्द्र र सूचनातथा अभिलेखन केन्द्र व्यवस्थापन,

(ठ) गाउँपालिकामा विद्युतीय शासन प्रवर्द्धन, विकास र सूचना तथा सञ्चार प्रविधिको संस्थागत व्यवस्था,

(ड) प्राविधिक परामर्श, विशेषज्ञहरुको पारिश्रमिक, भत्ता, सेवा प्रदायकहरुको सूचीकरण र परिचालन,

(ढ) गाउँकार्यपालिका कार्य विभाजन र कार्य सम्पादन नियमावली अनुसार संचालन गरिने क्षमता विकासका कार्यक्रमहरु,

(ण) कैलारी गाउँपालिकाको विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम,

(त) विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम,

(थ) विकासमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरु,

(४) सामाजिक परिचालन खर्चशीर्षकबाट गाउँपालिकामा सामाजिक परिचालनको प्रक्रिया र क्रियाकलाप देहाय बमोजिम हुनेछन् :-

(क) स्थानीय सेवा प्रदायकको खर्च,

(ग) सामाजिक परिचालनलेसमेटेकोपरिवार, टोल, बस्ति, वडाकोनक्सांङ्कन र सम्बद्ध संस्थाको अभिलेख व्यवस्थापन कार्य,

(घ) गैरसरकारी संस्था र समुदायमा आधारित संस्था परिचालन,

(ङ) समुदाय सशक्तीकरण (समूह, संस्था गठन र परिचालन) सीप विकास, व्यवसाय व्यवस्थापन,

(च) सामुदायिक मध्यस्थता र कानूनी उपचार तथा सहायता समिति परिचालन,

(छ) बालमैत्री स्थानीय शासन, बालविकास, बालक्लव तथा बाल सञ्जालकोविकास,

(ज) विपन्न घरधुरी नक्साङ्कन,

(झ)  लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक सशक्तीकरण र  गरिबी न्यूनीकरण,
(ञ)  सामुदायिक कोष सञ्चालन र व्यवस्थापन,
(ट)  सामाजिक परिचालन समितिको खर्च ।

(५) गाउँपालिकाको वार्षिक योजना तर्जुमा र छनौट, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायत समग्र काम कारवाहीमा बढीभन्दा बढी नागरिकहरु, विशेष गरी गरिब र पिछडिएका वर्गको सहभागिता बढाई उनीहरुको आवाजलाई सम्बोधन गर्न सामाजिक परिचालन कार्यान्वयन गरेका उपभोक्ता समूह, टोल विकास संस्था गठन गरिनेछ ।

(६) गरिब र पिछडिएका वर्गहरुको सशक्तिकरण गरी निर्णय गर्ने प्रकृयामा उनीहरुको पहुँच र हैसियत बढाउन सामजिक परिचालन कार्यक्रम कार्यान्वयन गरेका सबै गा.पा. का वडाहरुमा नागरिक सचेतना केन्द्र स्थापना गरिनेछ ।

## ७. वित्तिय समानिकरण बाँडफाँडका आधार :

(१) कार्यविधिको दफा ५ को उपदफा (२) कोखण्ड (क) बमोजिम कैलारी गाउँपालिकामा उपलब्ध हुने न्यूनतम पूँजिगत अनुदान कूल पूँजिगत अनुदानको तीस प्रतिशत भन्दा बढी हुनेछैन । यसरी छुट्याएको रकमलाई गाउँसभाले भौगोलिक सुगमता र विकटताका आधारमा बाँडफाँड गर्नेछ ।

(२) कार्यविधिको दफा ५ उपदफा(२) को खण्ड(ख) बमोजिम गाउँपालिकामा उपलब्ध हुने सूत्रमा आधारित पूँजिगत अनुदान न्यूनतम शर्त मापनको नतिजा र कार्यसम्पादन मापनको नतिजाका आधारमा गा.पा.ले देहाय बमोजिम बाँडफाँड गरी पठाउनेछ ।

| क्र.सं. | वितरणको आधार |
|---|---|
| १ | जनसंख्या |
| २ | क्षेत्रफल |
| ३ | भारित लागत |
| ४ | भारित गरिवी |
| ५ | भारित आन्तरिक कर प्रयास |

(३) कैलारी गाउँपालिकाले अनुदान बाँडफाँडको सूत्र र आधारलाई हेरफेर गर्न सक्नेछ ।

(४) उल्लेखित सूत्रको सूचक जनसंख्याको हकमा तथ्याङ्क विभागबाट जनगणनाको आधारमा तयार भएको वार्डको जनसंख्याको आंकडा, गरिबीकोहकमा नेपाल मानव विकास प्रतिवेदन, भारित लागतको हकमा गाउँपालिकाको प्रतिवेदन र क्षेत्रफलको हकमा नापी विभागको तथ्याङ्कलाई आधार मान्न सकिनेछ ।

८. **पूँजिगत खर्च :** स्थानीय सञ्चित कोषको कुल पूँजिगत रकमबाट क्रमशः देहायका क्षेत्रमा विनियोजन गरी लगानी गर्नु पर्नेछ ।

(क) समपुरक कोष : स्थानीय संचित कोषको कुल पूँजिगत रकमबाट क्रमशः देहायका क्षेत्रमा विनियोजन गरी लगानी गर्नु पर्नेछ ।

(ख) लक्षित समूह विकास कार्यक्रम : गाउँपालिकाको कुल पूँजिगत रकमबाट खण्ड(क) बमोजिमको रकम कटाई बाँकी रकमबाट कार्यविधिको दफा १० बमोजिम विनियोजन हुनेगरी न्यूनतम पैतिस प्रतिशत रकम,

(ग) आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास कार्यक्रम : गाउँपालिकाको कुल पूँजिगत रकमबाट खण्ड(ख) बमोजिमको रकम घटाई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोको कम्तीमा साठी प्रतिशत रकम,

(घ) प्रवर्द्धनात्मक कार्यक्रम : खण्ड(ग) बमोजिमको रकम कटाई बँकी हुन आउने अधिकतम चालीस प्रतिशत रकम ।

**९. समपूरक कोषसम्बन्धी व्यवस्था :**

(१) कैलारी गाउँपालिकाको आफ्नो कार्यक्षेत्रको विकाससँग सम्बन्धित सरकारी, गैर सरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न गाउँपालिकाले आयोजनागत रुपमा विवरण तयार गरी कार्यविधिको दफा ८ को खण्ड(क) बमोजम समपूरक कोष (म्याचिङ फण्ड) मा आवश्यक रकम छुट्याउनु पर्नेछ ।

तर वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भईसकेपछि प्राप्त हुने प्रस्तावित आयोजनामा समपूरक कोषबाट रकम लगानी गर्न बाध्य हुनेछैन ।

(२) साझेदारीमा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरु योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखि सहभागितामूलक प्रक्रियाबाट गाउँपालिकाको योजनामा समावेश भएको हुनुपर्नेछ ।

**१०. लक्षित समूह विकास कार्यक्रम :**

(१) कार्यविधिको दफा ८ को खण्ड (ख) बमोजिम छुट्याइएको कुल रकमबाट लक्षित समूहलाईप्रत्यक्ष फाइदा पुग्नेकार्यक्रम वा आयोजनाहरूमा लगानी गर्नदेहाय बमोजिम बजेट विनियोजन गर्नुपर्नेछ :–

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरुको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

(ख) सबै जातजातिका विपन्न वर्गका बालकालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

(ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रुपमा पछाडि परेका र पारिएका वर्ग(ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवम् क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयेजनाका लागि न्यूनतम पन्ध्र प्रतिशत ।

(२) उपदफा(१) बमोजिम विनियोजन भएको रकमबाट सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत छनौट भई आएका कार्यक्रम वा आयोजनामा लगानी गर्नुपर्नेछ ।

(३) उपदफा(१) को खण्ड(ग) बमोजिमको रकम वन्चितिकरण र पछाडि परेका सबै समुदाय एवम् वर्गले फाइदा पाउने गरी न्यायोचित तवरबाट बाँडफाँड गर्नुपर्नेछ ।

(४) लक्षित समूहमा लगानी गर्दा लोपोन्मुख, अति सीमान्तकृत तथा सबै जाजतिका अति विपन्न परिवारहरुलाईलक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । यसरी लगानी गर्दा गरिबी नक्शाङ्कन, विपन्न वर्गको नक्शाङ्कन, आधारभूत सर्वेक्षणलाई आधार लिन सकिनेछ ।

(५) लक्षित समूहमा जाने कार्यक्रम वा आयोजनाबाट कम्तीमा सत्तरी प्रतिशत सोही समूहका लाभान्वित वर्गले प्रत्यक्ष फाइदा पाउने हुनुपर्नेछ ।

(६) लक्षित समूह विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम लागू भएका कैलारी गाउँपालिकामा सामाजिक परिचालनबाट छानिएका कार्यक्रम वा आयोजना मात्र कार्यान्वियन गर्नुपर्नेछ ।

(७) लक्षित समूहकोकार्यक्रम संचालन गर्दा सबै क्षेत्रलाई समेट्ने गरी सम्बन्धित लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवम् खर्च गर्नुपर्नेछ । लक्षित समूहको नाममा कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न पाईने छैन ।

(८) लक्षित समूहको लागि छुयाइएको बजेटबाट आयोजना तथा कार्यक्रम संचालन गर्दा लक्षित समूहको कुनै संघ संगठन वा संस्था मार्फत सीधै अनुदान उपलब्ध गराउन पाईने छैन । कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लिखित आयोजना कार्यान्वियन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेको प्रावधानहरु पालना गर्नुपर्नेछ ।

(९) लक्षित क्षेत्रमा गरिएको आयोजना लगानी विवरण तालिका (प्रोजेक्ट फन्डिङ्ग म्याट्रिक्स) प्रत्येक लक्षित समुहका छुट्टा छुट्टै तयार गर्नुपर्नेछ ।

## ११. आर्थिक, सामजिक एवम् भौतिक पूर्वाधार विकास :

(१) कार्यविधिको दफा ८ को खण्ड(ग) बमोजिम छुट्याइएको रकमबाट गा.पा. ले देहायका क्षेत्रमा लगानी गर्नुपर्नेछ :-

(क) यातायात पूर्वाधार क्षेत्र : गा.पा. यातायात गुरु योजना (डि.टि.एम.पी.) को प्राथमिकताका आधारमा लगानी गर्ने,

(ख) वन, वातावरण संरक्षण, जैविक उद्यान तथा खुला एवम् हरियाली क्षेत्र, जलवायु परिवर्तन, नवीकरणीय उर्जा,

(ग) खानेपानी तथा सरसफाई, सिंचाइ, नदी नियन्त्रण,

(घ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण, आवास, भवन, जग्गा एवम् बस्ती विकास कार्यक्रम,

(ङ) जलस्रोत विकास तथा ग्रामीण विद्युतीकरण,

(च) जलस्रोत पूर्वाधार,

(ज बजार प्रवर्द्धन तथा व्यवस्थापन,

(झ) सामुदायिक भवन, पुनःस्थापना केन्द्र,

(ञ) जीविकोपार्जन तथा गरिबी न्यूनीकरण,

(ट) आर्थिक विकास पूर्वाधार (कृषिमा आधारित, गैर कृषिमा आधारित, सेवा क्षेत्र),

(ठ) स्थानीय तहकोआन्तरिक आयबृद्धि गर्न गरिने प्रयासहरु,

(ड) पर्यटन, सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक पूर्वाधार विकासका क्षेत्र,

(ढ) फोहरमैला व्यवस्थापन तथा ढल निकास,

(ण) गाउँ नगर साझेदारी कार्यक्रमहरु,

(त) तथ्यांक सूचना, सडक नक्शांकन तथा घर नम्वरिङ्ग, वस्तुगत विवरण,

(थ) राष्ट्रिय भवन संहिताको कार्यान्वयन र सडक बत्ती व्यवस्थापन,

(द) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन,

(ध) निजी एवम् गैरसरकारी क्षेत्रसँग साझेदारीमा सञ्चालन गरिने भौतिक पूर्वाधारसम्बन्धि कार्यक्रमहरु,

(न) विषयगत क्षेत्रको सशर्त अनुदान कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रमहरु,

(प) स्थानीयस्तरमा प्राप्त हुने विप्रेषणको व्यवस्थापन तथा सदुपयोगबाट जीविकोपार्जन कार्यक्रम तर्जुमा, र

(फ) रोजगार तथा स्थानीय स्रोतमा आधारित लघुउद्योग विकास कार्यक्रम ।

(३) यस क्षेत्रमा गरिएको लगानीको आयोजना लगानीको विवरण तालिका (प्रोजेक्ट फण्डीङ) तयार गर्नुपर्नेछ ।

**१२. प्रवर्द्धनात्मक क्षेत्रः**

(१) कार्यविधिको दफा ८ को खण्ड(घ) बमोजिम छुट्याइएको रकमबाट देहायका प्रवर्द्धनात्मक कार्यक्रमका क्षेत्रमा गाउँपालिकाले प्राथमिकीकरण गरी लगानी गर्नुपर्नेछ :-

(क) सामाजिक परिचालन मार्फत गठन गरिएका समूह, संस्था, उपभोक्ता समूह र टोल विकास संस्थाबाट माग भई आएका स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकाससम्बन्धी कार्यक्रम वा आयोजनाहरू ।

(ख) कैलारी गाउँपालिकामा सरकारी, गैरसरकारी तथा सामुदायिक संस्था र निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्नसकिने स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम वा आयोजनाहरू ।

(ग) गाउँपालिकाले राष्ट्रिय नीति तथा प्राथमिकताले समेटेका निम्न कार्यक्रम सञ्चालन र योजनाको खाका, कार्यविधि, निर्देशिका बमोजिम सञ्चालन गरिने देहायका विषयहरु :

(१) व्यक्तिगत घटना दर्ता तथा अभिलेखीकरण,
(२) एक गाँउ एक उत्पादनसँग केन्द्रित कार्यक्रम,
(३) प्राथमिक स्वास्थ्य, एच.आइ.भि.र एड्स, भिटामिन ए, पोलियोर अन्य खोप, स्वास्थ्य तथा पोषण स्वास्थ्यसम्बन्धी अभियान र प्रचारप्रसार,
(४) वातावरण संरक्षण तथा जलवायु परिवर्तन,
(५) खानेपानी तथा सरसफाई र खुला दिशामुक्ता क्षेत्र,
(६) खेलकुद विकास, शारीरिक तथा मानसिक स्वास्थ्यसम्बन्धी कृयाकलाप,
(७) कला, साहित्य, लिपि तथा संस्कृति प्रवर्द्धन, पुस्तकालय व्यवस्थापन, सामुदायिक रेडियो,
(८) सहकारी खेती, जैविक खेती, आधुनिक कृषि प्रणाली, साना तथा सामुदायिक रेडियो, उन्नत बीउ विजन तथा प्रविधि विकाससँगसम्बन्धी (जस्तैः हरितगृह, गोठ मल-मूत्र संकलन ,कीटनाशक औषधि, आकाशे पानी संकलन, सिंचाई प्रविधि आदि),
(९) गैर काष्ठ वन पैदावार, जडीबुटी तथा वृक्षारोपण कार्य र प्रशोधनात्मक कार्य,
(१०) स्थानीय तथा ग्रामीण पर्यटन प्रबेर्द्धन,
(११) नविकरणीय उर्जा विकास र प्रवर्द्धन,
(१२) जीविकोपार्जन तथा गरिबी निवारणमा टेपा पुऱ्याउने कार्यक्रम,
(१३) आन्तरिक आय अभिवृद्धि,
(१४) विपन्न नक्शाङ्कन तथा अध्यावधिक गर्ने कार्य,
(१५) सीप विकास तथा रोजगारप्रवर्द्धन कार्यक्रम,
(१६) सुरक्षित तथा मर्यादित बैदेशिक रोजगारसम्बन्धी अवसर तथा जोखिमको बारेमा सचेतना कार्यक्रम,
(१७) शहरी सुरक्षासम्बन्धी कार्यक्रम ।

(२) प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत मागको आधारमा पूँजी निर्माण, सेवा प्रवाहमा गुस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा रकम वियोजन एवम् खर्च गर्न सकिनेछ । कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन ।
(३) प्रवर्द्धनात्मक कार्यक्रमका लागि छुट्याइएको बजेटबाट कार्यक्रम वा आयोजना संचालन गर्दा यस कार्यविधिमा उल्लिखित आयोजना कार्यान्वयन र उपभोक्ता समितिसम्बन्धी प्रावधान लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरु पालना गर्नु पर्नेछ ।
(४) यस क्षेत्रमा गरिएको आयोजना लगानीको विवरण तालिका(प्रोजेक्ट फण्डीङ म्याट्रिक्स) तयार गर्नुपर्नेछ ।

**१३. खर्च गर्न निषेध गरिएका विषयहरु :**

(१) स्थानीय सञ्चित कोषको पूँजिगत रकमबाट देहायको क्षेत्र वा विषयमा खर्च गर्न तथा कार्यहरु गर्न पाईने छैन :-
  (क) कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम् पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधासम्बन्धी खर्चहरु,
  (ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च,

(ग) पूँजिगत तर्फको रकम सापटी लिई वा रकमान्तर गरी चालू शिर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च नगर्न,

(घ) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालन सम्बन्धी खर्चजस्ता चालू प्रकृतिको सबै खर्चहरु,

(ङ) बिमा, ऋण सरोवार, शेयर लगानी वा बैंकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न,

तर उत्पादनमूलक कार्यक्रममा गरिने लगानीलाई स्थानीय तहको शेयरको रुपमा लगानी गर्न बाधा परेको मानिने छैन।

(च) राजैनितक दल तथा तिनका भातृ वा भगिनी सङ्गठन, संघसंस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा, पुरुस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउने,

(छ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न,

(ज) गाउँ सभाबाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अबण्डाको रुपमा एकमुष्ट रकम राख्न,

(झ) गाउँ सभाबाट निर्माण नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न, र

(ञ) गाउँपालिकाले गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना एवम् गाउँ शिक्षा योजनामा नपरेका कार्यक्रममा खर्च गर्न एवम् शिक्षक तथा विद्यालयका कर्मचारीको तलव भत्ता र पारिश्रमिक खर्च गर्न ।

(२) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनामा भुक्तानी दिन पाइने छैन ।

## १४. आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्च सम्बन्धी व्यवस्था :

(१) कैलारी गाउँपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार संचालनमा सहयोग पुऱ्याउन पूँजिगत लगानीको समष्टिगत रकमबाट ३% प्रतिशत रकम छुट्याई खर्च गर्न सकिनेछ ।

तर, कन्टिन्जेन्सी रकम खर्चगर्दाकुल पूँजिगत खर्चकोअनुपातमा मात्र खर्चगर्नपाईनेछ ।

(२) उपदफा (१) बमोजिम छुट्याएकोरकमकोखर्चसम्बन्धी कार्ययोजना गाउँ सभा अधिवेशनबाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधीनमा रही देहायका क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ :-

(क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च,

(ख) समावेशी र सहभागितामूलक योजना तजुर्मा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी खर्च, (ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टरसम्बन्धी खर्च,

(घ) कार्यक्रम वा आयोजनाकोसुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदनसम्बन्धी,

ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखितपारदर्शिता र उत्तरदायित्व कायम गर्नेगराउनेविषय,

(च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिकोप्रशासनिक तथा प्राविधिक सेवा खर्च,

(छ) आयोजना व्यवस्थापनका लागि चाहिनेअत्यावश्यक प्राविधिक उपकरणहरू, (ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्नआवश्यक खर्च,

(झ) आयोजनासँग सम्बन्धित सामाजिक परिचालन कार्य।

(३) उपदफा (१) बमोजिम एकमुष्ट रूपमा कन्टेन्जेन्सी छुट्टयाएपछि आयोजनागत रूपमा लागत अनुमान तयार गर्दाछुट्टैकन्टेन्जेन्सी रकम छुट्याउन पाइनेछैन ।

(४) नेपाल सरकार र प्रदेश सरकारबाट गाउँपालिकामा प्राप्त वित्तिय समानिकरण गाउँ सभा अधिवेशनबाट कार्यक्रम स्वीकृत गराई देहायका क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ :-

(क) गाउँपालिकाको कार्यक्रम वा आयोजनाहरूको प्राविधिक कार्य तथा अनुगमन एवम् मूल्याङ्कन,

(ख) गाउँपालिकाको मासिक, चौमासिक, वार्षिक प्रगति विवरण संकलन तथा प्रतिवेदन, र

(ग) अभिलेख व्यवस्थापनका लागि अन्तर गाउँपालिका बीच एकरूपता कायम गर्न योजना लगत खाता, मालपोत लगत खाता, मालपोत पासबुक, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता फारामहरू छपाई एवम् वितरण ।

## परिच्छेद-३
## योजना तर्जुमा योजना एवम् आयोजना छनौट

**१५. स्थानीय राजश्व परामर्श समिति :** (१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ६५ बमोजिम देहाय बमोजिम स्थानीय राजश्व परामर्श समिति रहनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | उपाध्यक्ष | – | संयोजक |
| (ख) | प्रमुख प्रशासकिय अधिकृत | – | सदस्य |
| (ग) | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट १ जना महिला सहित २ जना सदस्य | – | सदस्य |
| (घ) | नीजि क्षेत्रको उद्योग वाणिज्य सम्बन्धि मान्यता प्राप्त संस्थाको गाउँ पालिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधी | – | सदस्य |
| (ङ) | घरेलु तथा साना उद्योग सम्बन्धि मान्यता प्राप्त संस्थाको गाउँपालिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधी | – | सदस्य |
| (च) | कार्यपालिकाको राजश्व महाशाखा, विभाग वा शाखा प्रमुख | – | सदस्य-सचिव |

(२) राजश्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) राजश्व सम्बन्धि नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

(ख) राजश्व स्रोत दायरा र दर समेतको विश्लोषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।

(ग) राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तारिक आयको विश्लेषण र अनुमान गर्ने ।

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने ।

(ङ) कर राजश्व, गैर कर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने ।

(च) राजश्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

(३) उप दफा (१) बमोजिम समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालालाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उप दफा (१) बमोजिमको समितिको बैठक सम्बन्धि कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१६. एकिकृत स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ६६ बमोजिम

(१) कैलारी गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित विवरणको खाका तथा बजेट सिमा निर्धारण गरिने देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | – | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | – | सदस्य |
| (ग) | कार्यपालिका सदस्य मध्ये महिला, दलित वा अल्पसंख्यकको समेत प्रतिनिधित्व हुने गरी गरी अध्यक्षले तोकेको ४ जना | – | सदस्य |

(घ) प्रमुख प्रशासकिय अधिकृत – सदस्य-सचिव

(२) उपदफा १ को खण्ड(ग) बमोजिम सदस्य तोक्दा अध्यक्षले आफू सम्वद्ध राजनितिक दल बाहेकको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनितिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो दफाको व्यवस्था लागु हुनेछैन ।

(३) उपदफा १ बमोजिम समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आन्तरिक आय, राजश्व बाँडवाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण, आन्तरिक श्रण तथा अन्य आयको प्रक्षेपण गर्ने ।

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकलाई मध्यनजर प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने ।

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सिमा निर्धारण गर्ने ।

(घ) विषय क्षेत्रगत बजेटको सिमा निर्धारण गर्ने ।

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण आधार तयार गर्ने ।

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्ग दर्शन तय गर्ने ।

(छ) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिम समितिको बैठक सम्बन्धि कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्य प्रत्येक वर्षको फाल्गुण महिनाभित्र सम्पन्न गरि सक्नु पर्नेछ । बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप २ वर्ष समेत गर्नुपर्नेछ ।

(७) उपदफा (१) बमोजिम तयार भएको आगामी आर्थिक वर्षको बजेट सिमा प्रत्येक वर्षको चैत्र १५ गते भित्र प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका, विषयगत महाशाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त बजेटको सीमा भित्र रही विषयगत महाशाखा, शाखा तथा वडा समितिले गाउँपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**१७. बजेट तथा कार्यक्रम तर्जुमा समिति :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ बमोजिम :

(१) यस कार्यविधिको दफा १६ बमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सिमामा आधारित भई कैलारी गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष – संयोजक

(ख) विषयगत क्षेत्र हुर्ने गाउँकार्यपालिका सदस्यहरु – सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य
(घ) योजना महाशाखा, विभाग वा शाखा प्रमुख – सदस्य-सचिव
(२) उपदफा (१) बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ :
(क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार पार्ने ।
(ख) यस कार्यविधिको दफा (१६) बमोजिमको समितिले दिएको बजेट सिमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने ।
(ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने ।
(घ) योजना तथा कार्यक्रममा दोहोरोपन हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बिच आपसी तादाम्यता तथा परिपूरकता कायम गर्ने ।
(ङ) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धि कैलारी गाउँपालिकाको आवश्यकता बमोजिमका अन्य कार्य गर्ने ।
(३) उपदफा (१) बमोजिम समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **योजना तर्जुमा तथा कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ को अधिनमा रही गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाले गाउँवस्तुगत विवरण बमोजिम Village Profile तथा स्रोत नक्सा तयार गरी नियमित रुपमा अद्ययावधिक गर्दै जानुपर्नेछ ।
(ख) गा.पा. ले ऐनको दफा ४४ बमोजिम गा.पा.को पार्श्वचित्र(भिलेज प्रोफाईल तथा स्रोत नक्सा तयार गरी नियमति रुपमा अद्यावधिक गर्दै जानु पर्नेछ ।
(ग) गा.पा. कोषमा प्राप्त सै प्रकारको रकमलाई एकीकृत गरी एउटै डालोमा राखी प्राप्त मार्गदर्शन तथा आवधिक योजना तगार भएको भए त्यसले निर्धारण गरेको प्राथमिकताका आधारमा एकीकृत योजना तुर्जमा समितिको बैठकबाट क्षेत्रगत रुपमा प्राथमिकता निर्धारण र क्षेत्रगत बजेट पूर्वानुमान तयार गर्नुपर्नेछ ।
(घ) बजेट पूर्वानुमान गर्दा डिडिएका बस्तीमा लगानी केन्द्रित गर्ने गरी त्यस्ता वस्तीका बासिन्दालाई विकासको मूलप्रवाहमा ल्याउने रणनीति अवलम्वन गर्नुपर्नेछ ।
(ङ) बजेट पूर्वानुमान तयार गरी सकेपछि आयोजना छनौटका आधारसमेत खुलाई वडागत रुपमा कार्यक्रम वा आयोजनाको छनौट गरी पठाउन सम्बन्धित वडालाईजानकारी गराउनु पर्नेछ ।
(च) बजेट पूर्वानुमान बमोजिम कुन क्षेत्रमा कतिसम्म लगानी गर्न सकिने हो सोको बारेमास्थानीय सञ्चारका माध्यम एवम् सामाजिक परिचालक मार्फत समुदायस्तरमा जानकारी गराउनु पर्नेछ ।
(छ) योजना तुर्जमा प्रक्रिया वस्तीस्तरबाट सुरु हुनेछ । बस्तीमा बसोबासगर्ने नागरिकहरु विशेष गरेर अति विपन्न एवम् पिछडिएका समूह र समुदायस्तरमा रहेका समूह र सामुदायिक संस्थाहरु समेतको संयुक्त भेलाले पहिचान गरेका कार्यक्रम वा आयोनजाहरुको सूची तयार गर्नुपर्नेछ । सामाजिक परिचालनका मध्यमबाट पहिचान गरिएका अति विपन्न परिवारको मागलाई प्राथमिकता दिइ सम्बोधन गर्नुपर्नेछ ।
(ज) यसरी सूची तयार गर्दा लाभान्वित समूहका प्रस्वताहरु(उपभोक्ता समूह र सामुदायिक संस्था) ले आँफूले परिचालन गर्न सक्ने स्रोत तथा जनसहभागिताको अंश र आयोजनाको दीगो सञ्चालन

तथा मर्मत सम्भारसम्बन्धी व्यवस्था स्पष्ट रुपले खुलाउनुपर्नेछ ।

(ज) योजना तर्जुमा तथा कार्यान्वयनका हरेक चरणमा लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा समावेशी सहभागितालाई सुनिश्चित गराउनु पर्नेछ । योजना तुर्जमाको चरणमा कार्यक्रम वा आयोजनाहरुसँग सम्बन्धित निर्देशन एवम् कार्यविधिलाई ध्यानमा राखी कार्यक्रम वा आयोजनाहरु तर्जुमा गर्नुपर्नेछ ।

(झ) आफ्नो वडा भित्रका समुदायबाट प्राप्त सूचीहरुलाई समिति, संस्थाले समूहीकृत र एकीकृत गरी वडा समितिमा सिफारिश गरी पठाउनेछ ।

(ञ) वडा समितिले समूह, संस्थाबाट प्राप्त कार्यक्रम वा आयोजनाहरुलाई विभिन्न कार्यक्रमहरु बीचको अन्तरसम्बन्ध कायम हुने गरी प्राथमिकताक्रम निर्धारण गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(ट) गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आवश्यक सिफारिस र क्षेत्रगत प्राथमिकता सूचि लिन सकिनेछ

(ठ) गाउँपालिकाले वडा समिति वा विषयगत समितिबाट प्राथमिकताक्रमको निर्धारण भई आएका कार्यक्रम वा अयोजनाहरुको सूची बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नेछ ।

(ड) कार्यक्रम र बजेट स्वीकृत गर्दा विषयगत समितिमा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरु कुन संस्था मार्फत कसरी गरिने हो स्पष्ट खाका र जिम्मेवारी तालिका तयार गर्नुपर्नेछ ।

(ढ) गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राथमिकीकरण भई आएका कार्यक्रम वा अयोजनाहरुलई समावेशी र सहभागितामूलक पद्धतिबाट वार्षिक कार्यक्रम र बजेट तुर्जमा गरी गाउँ कार्यापालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(ण) केन्द्रबाट प्राप्त मार्गदर्शन, राष्ट्रिय आवधिक योजना, जिल्ला आवधिक योजनाले परिलक्षित गरेका लक्ष्यमय, उद्देश्य तथा क्षेत्रलाई योगदान पुग्ने गरी गाउँकार्यपालिका समितिले प्राथमिकता निर्धारण गरेको क्षेत्रमा लगानी सुनिश्चित गरेकोहुनुपर्नेछ ।

(त) गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम स्थानीय सरकार सञ्चालन ऐनको दफा ६७ को उपदफा (२) खण्ड(क) बमोजिम अषाढ १० भित्र गाउँ अधिवेशनबाट स्वीकृत गराउनु पर्नेछ ।

# परिच्छेद - ४
# कार्यक्रम वा आयोजना सञ्चालन एवम् व्यवस्थापन

**१९. कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया :** (१) गाउँपालिकाको स्वीकृत कार्य वा आयोजना कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा स्थानिय आर्थिक ऐन २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरु समेतको पालन गरी खर्च गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३, स्थानिय आर्थिक ऐन २०७४ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

(ग) कार्यक्रम वाआयोजना सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरु, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरुको समेत सहयोग लिन सकिनेछ ।

(घ) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । साथै यस कार्यविधिको दफा २५ को उपदफा(१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यान्वयन सम्बन्धी सम्झौता गर्न सकिनेछ ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधिनमारही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु पूरा गरिसक्नु पर्नेछ ।

(च) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्की शून्य अभियानको शुरुवात गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन ।

(छ) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४र सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेपा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण(आई.इ.इ.) वा वातावरणीय प्रभाव मूल्याङ्कन(ई.आई.ए.) गरेरमात्र सञ्चालन गर्नु पर्नेछ ।

(ज) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ । साथै विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(झ) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले स्थानीय तहबाट प्राप्त गर्ने रकम बैङ्किङ सुविधा भएको स्थानमा बैंङ्कमा खाता खोली सञ्चालन गर्नु पर्नेछ । बैङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्रबैंकबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली संचालन गर्न सकिनेछ ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरु स्वीकृत खरिद आयोजना बमोजिम तोकिएको समयभित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने

निकाय आफैंले वा यस्ता निकायहरुको अनुरोधमा स्थानीय तहले खरिद व्यवस्था गर्न सक्नेछ ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाब किताव राख्ने सम्वन्धमा प्रमुख प्रशासकिय अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ठ) गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रुपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित तहमा पठाउने जिम्मेवारी सम्बन्धित लेखा प्रमुखको हुनेछ ।

(ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग गाउँपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(त) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(थ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साठीलाख रुपैयाँसम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन तालिका निर्माण गरी सम्झौता गर्नुपर्नेछ । सम्झौतामा उपभोक्ता समितिले पालना गर्नुपर्ने आचारसंहिता लगायतका कुराहरु गाउँपालिकाले तय गरे वमोजिम हुनेछ ।

## २०. आयोजनाको लागत अनुमानसम्बन्धी व्यवस्था :

(१) गाउँपालिकाले आयोजनाहरुको लागत अनुमान, नक्शा डिजाईन सम्बन्धित प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्वद्ध प्राविधिकबाट गराउने पर्नेछ ।

(२) आयोजनाहरुको लागत अनुमान(डिजाइन, इष्टिमेट) तयार गर्दा तोकिएको मापदण्डको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले वुझ्नेगरी नेपाली भाषमा तायर गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरु नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले  प्राविधिक शब्दावलीहरु नेपाली भाषमा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज(अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषमा तयार गर्नुपर्नेछ ।

(३) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिस प्राप्त भएमा सोही अुनसार स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ ।

(४) लागत अनुमानको परीक्षण र स्वीकृति आर्थिक प्रशासन नियमावली बमोजिम गर्नुपर्नेछ ।

**२१. उपभोक्ता समिति सम्बन्धी व्यवस्था :** उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमेजिमका प्रावधानहरु समेत पालना गर्नु पर्नेछ :-

(१) उपभोक्ता समतिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित

हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाणितपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(२) गाउँपालिकाका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रुपमा स्थानीय तहको कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पत्ति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

(३) उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनाका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु सामान्यतया साक्षर हुनुपर्नेछ ।

(४) एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाईने छैन ।

(५) उपभोक्ता समिति गठन गर्दा गाउँपालिकाले तोकेको कर्मचारी वा जनप्रतिनिधिहरुको रोहबरमा गर्नुपर्नेछ । यसरी खटिने कर्मचाारी वा जनप्रतिनिधिहरुले उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धि प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(६) प्रचलित ऐन, यिनम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने कर्मचारी, जनप्रतिनिधी, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

(७) उपभोक्ता समितिको गठन सर्बसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका कर्मचारी वा जनप्रतिनिधिले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनुपर्नेछ ।

(८) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समियभित्र उपभोक्ता समित गठन भई आउन नसकेमा सम्बन्धित गाउँपालिकाले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

(९) गाउँपीलकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ । यसरी नगद सहभाति तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने सहभागिता बापतको रकम सम्बन्धित गाउँपालिकाको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेछ । नगद लागत सहभागिता नजुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा स्थानीय तहले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम जनसहभागिता बराबरको काम गरेको प्राथमिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि स्थानीय तहले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नुपर्नेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनै पनि योजना उपभोक्ता समति मार्फत संचालन गर्न पाईने छैन ।

(१०) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य पम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

(११) तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्नेछ ।

(१२) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमनसम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सो भन्दा बढी उपभोक्ता समितिहरुका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(१३) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संुयक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरुको तीनपुस्ते खुलाई आयोजना खाता र स्थानीय तहमा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकको निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

(१४) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ । सम्बन्धित तहबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

(१५) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक मार्फत गर्नुपर्नेछ ।

(१६) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदीयक संस्था(जस्तै सामुदायिकवन, सामुदायिकस्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समूह, कृषि समूह, साममुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(१७) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित रही स्थानीयश्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

(१८) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

(१९) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन सम्झौतामा तोकिए बमोजिमको समयमा सम्बन्धित गाउँपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

(२०) गाउँपालिकाले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक

संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी लागत व्यवस्थित गर्नुपर्नेछ ।

(२१) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि स्थानिय तहको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(२२) गाउँपालिका र उपभोक्ता समिति बीचमा हुने सम्झौता पत्रमा आयोजनको लागत, कार्य प्रारम्भ र सम्पन्न नहुने अवधि, उपभोक्तासमितिले गर्ने योगदानका प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

(२३) उपभोक्ता समितिलाई गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लागयत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ । गाउँपालिकाबाट प्राविधिक सेवा उपलब्ध गराउनुपर्नेछ । गाउँपालिकाबाट प्राविधिक सेवा उपलब्ध गराउन कुनै कारणले सम्भवन नभएमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सहयोग लिन सक्नेछ ।

(२४) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्बन्धित गाउँपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

(२५) उपभोक्ता समितिले मासिक रुपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्बन्धित गाउँपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेकोमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयन सँग सम्बन्धित सम्पूर्ण खर्चहरुको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति विवरण गाउँपालिकामा उपलब्ध गराउने , कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठक राखी छलफल गराउने, यस्तो बैठकको उपस्थितिर निर्णयको प्रतिलिपि सम्बन्धित स्थानीय तहमा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

(२६) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारी नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन गाउँपालिकामा प्रस्तुत गर्नुपर्दछ ।

(२७) उपभोक्ता समिति मार्फत गएिको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनः गठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य समपन्न गर्न सक्नेछ ।

(२८) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्वन्धित अनुगमन तथा सुपरिवेक्षण समितिबाट हुनेछ ।

(२९) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछर्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूयाङ्कन, सम्झौता अनुसारकोनाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी सम्बन्धित गाउँपालिकामा निवेदन दिनपुर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ता पेश्की फछर्यौट गरी थप कामको मात्र अर्को किस्ता

कायम गरी सोही बरावरको रकम उपलब्ध गराइनेछ । उपभोक्ता समिति स्वयम्ले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थलमा टाँस गर्नुपर्नेछ ।

(३०) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पनन प्रतिवेदन प्राप्त गरी गाउँपालिकाका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाकोफोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

(३१) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोनाजको हस्तान्तरण भएमा गाउँपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्थागर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी गाउँपालिकाबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

(३२) गाउँपालिका आफैंले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशलाजस्ता कार्यक्रमहरुको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएकोस्थानर कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाको तस्वीरहरु सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बिल भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

(३३) उपभोक्ता समितिलेआयोजनाहरु संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

(३४) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाइ गाउँ सभाको निर्णय बमोजिम वार्षिक रुपमा पुस्कार प्रदान गर्न सकिनेछ ।

(३५) अनुगमन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना महिला रहने गरी पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(ख) खण्ड(क) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एमव् फारफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

(ग) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने,

सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा स्थानीय तहसँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुलाई र गाउँपालिकालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(घ) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिस गर्नुपर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिस नगरेको कारणबाट प्रचालित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरु अगाडि बढाउने बाधा परेको मानिने छैन ।

(ङ) गाउँपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फारममा उल्लेख गर्नुपर्नेछ ।

(च) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समितिर गाउँपालिकालाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्बन्धित उपभोक्ता समिति र गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित गाउँपालिकामा गराउने दातित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

**२२. सार्वजनिक निजी साझेदारी :**

(१ गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य प्रचलित कानून बमोजिम सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा साझेदारीमा काम गर्न स्थानीय तहले निजी क्षेत्रलाई आह्वन गनुपर्नेछ ।

(३) यसरी कार्य गराउँदा सार्जजनिक निजी साझेदारी नीति, २०६० एवम् सार्वजनिक निजी साझेदारी कार्यविधि(स्थानीय तहको लागि), २०६१ बमोजिम गर्नु गराउनु पर्नेछ ।

(४) गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरुसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरु सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

**२३. ठेक्कापट्टासम्बन्धी व्यवस्था :** उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधक रुपमा कठन प्रकृतिका आयोनाहरुको गाउँपालिकाले प्रचलित कनूनको प्रक्रिया पुऱ्याई ठेक्कापट्टाद्वारा काम गराउनु पर्नेछ ।

## २४. सडक निर्माणसम्बन्धी विशेष व्यवस्था :

(१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि(कृषि, पशुविकास र मत्स्य विकास) तथा गैरकृषि (लघुउद्योग,उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु उक्त क्षेत्रमा नै संकेन्द्रित(कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

(२) सडकमा लगानी गर्दा नयाँट्र्याक खेल्ने कार्यलाई कम प्राथमकितादिई भैरहेका सडकहरुलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतिका साथै सडक संरचना र पुल-पुलेसा निर्माणमा प्राथमिकता दिनु पर्नेछ ।

(४) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिनु पर्नेछ । तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को साथै सामजिक तथा वातावरणीय सुरक्षाको रुपरेखा, २०६५ कोपरिधिभित्र रही वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा बाधा पर्ने छैन ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र गाउँपालिका लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्शाङ्कन एवम् अद्यावधिक विवरण(रोड इन्भेन्ट्री तयार गरी राख्नु पर्नेछ ।

(६) गाउँपालिकाको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रुपमा असर पुऱ्याउने खालका आयोजनाहरु गाउँपालिकाको स्वीकृति वेगर स्नाथीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्न पाइने छैन ।

(७) सडक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्र अधिकार(राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरु गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ ।

## २५. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :

(१) एक करोड रुपैयाभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ । सोभन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोजना गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत संभार कार्य आफैंले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्स्थाले सम्बन्धित गाउँपालिकाबाट स्वीकृति लिई आवश्यक सेवा शुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

(४) उपदफा(३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजार मध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रुपमा मर्मत संभार नगर्ने आयोजनामा गाउँपालिकाबाट थप लगानी हुने छैन ।

**२६. जनसहभागिता एवम् लागत सहभागिता :**

(१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकन लगायत आयोजनाको प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र गाउँपालिकाले अवलम्वन गरेको नीतिका अधनीमा रही गाउँपालिकाको हकमा दस प्रशितमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामग्री) निर्धारण गर्नुपर्नेछ ।

तर गाउँपालिकाबाट सोभन्दा बढी सहभागिताको अंश निर्धारण गरिएकोमा सोही बमोजिम हुनेछ ।

(३) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्ने नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइनेछैन ।

**२७. कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका :** गाउँपालिकाको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्नेछ :-

| सि.नं. | कार्यक्रमहरु | समय तालिका |
|---|---|---|
| १. | चालू आर्थिक वर्षको वार्षिक कार्य तालिका ( खरिद योजना सहित) निर्माण र स्वीकृति । | श्रावण मसान्तभित्र । |
| २. | वार्षिक कार्य तालिका अनुसार उपभोक्ता समितिको गठन र सम्झौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन , व्यवस्थापन र कार्यारम्भ आदेश । | वार्षिक कार्य योजना अनुसार कार्तिक मसान्तभित्र । |
| ३. | आयोजना सम्पन्न गर्ने अवधि । | ज्येष्ठ मसान्तभित्र । |
| ४. | जाँचपास र फरफारक । | आयोजना सम्पन्न भएको ३० दिनभित्र । |
| ५. | आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा गाउँ सभाबाट पारित गर्ने । | अषाढ १० गते भित्र । |

**२८. कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहयोग गर्नुपर्ने :** गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा राजैतिक दल, सामुदीयक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, पेशागत संस्था एवम् सबै सरकारी गैर सरकारी संस्थाले आवश्यक सहयोग  र सहजीकरण गर्नुपर्नेछ ।

## परिच्छेद – ५
## अनुगमन एवम् मूल्याङ्कन

**२९. सुपरिवेक्षण तथा अनुगमन समिति :** (१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ उपदफा ४ को खण्ड(ख) उपखण्ड(५) बमोजिम गाउँपालिकामा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनको लागि देहाय वमोजिमको सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (१) गाउँपालिकाको उपाध्यक्ष | – | संयोजक |
| (२) गाउँकार्यपालिकाका सदस्यहरु मध्ये २ महिला सहित ५ जना | – | सदस्य |
| (३) संयोजनकले तोकेको विषयगत कार्यालयको प्रमुख | – | सदस्य |
| (४) प्राविधिक कर्मचारी | – | सदस्य |
| (५) प्रमुख प्रशासकिय अधिकृत | – | सदस्य-सचिव |

(२) उपदफा(१) अनुसार गठन हुने सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायमोजिम हुनेछ ।

(क) आयोजनाको कार्यान्वयमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्न र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) विषयत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेतअनुगमन गर्ने ।

(घ) गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी सोको चौमासिक र बार्षिक प्रतिवेदन मन्त्रालयमा पठाउने ।

(३) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखजोखा गरी आफ्नो सुझाव सहितको प्रवितेदन चौमासिक रुपमा स्थानीय तह प्रमुख समक्ष पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदन माथि स्थानीय तहको बैठकमा छलफल गर्नुपर्नेछ । साथै गा.पा. र नगरपालिकाको हकमा एकीकृत योजना तर्जुमा समिति बैठकमा छलफल गनुपर्नेछ ।

(४) गाउँपालिकाले आफ्नो कार्यक्रम वा आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रुपमा सुपरीवेक्षण, अनुगमन एवम् समिक्षा गर्नुपर्नेछ ।

(५) समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरुलाई अनुगमनसम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(६) समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत साामाजिक सुरक्षा सम्बन्धी समग्र कार्यक्रमको अनुगमन गर्नेछ ।

(७) अनुगमनसम्बन्धी अन्य व्यवस्था सम्बन्धित गाउँ कार्यपालिकाको वैठक वा गाउँ सभा बाट तोकिए बमोजिम हुनेछ ।

(८) गाउँपालिकाको स्रोतको रकमको सदुपयोग भए नभएको सम्बन्धमा गाउँपालिका तथा

उत्तरदायी संयन्त्रले अनुगमन गर्न सक्नेछ ।

(९) उपदफा (१) को खण्ड (ख) बमोजिमको प्रतिनिधिहरु आलोपालो आधारमा सहभागिता गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

**३०. अनुगमनसम्बन्धी थप व्यवस्था :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति, प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण गाउँ सभामा छलफल गराई सोको प्रतिवेदन गाउँपालिकाको कार्यालयमा र प्रदेश तथा संघीय मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) गाउँपालिकाले सञ्चालित कार्यक्रम वा आयोजनको नमूनाको रुपमा केही केहि वडा छनौट गरी सेवा करारमा परामर्शदाता नियुक्ति गरी अनुगमन एवम् मूल्याङ्कन गर्न गराउन सक्नेछ ।

(३) गाउँपालिकाको क्षेत्रभित्र सञ्चालित कार्यक्रम तथा बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षण तथा अनुगमन गर्नुपर्नेछ ।

**३१. आयोजना जाँचपास र फरफारकसम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रवितेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिन भित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले विषयगत कार्यालय, अन्य तह वा संघ संस्थाबाट सञ्चालित आयोजनाको गाउँ सभाबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ । फरफारक भएका आयोजनाहरुको गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**३२. प्रगति प्रतिवेदन एवम् समीक्षा सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले ऐन, नियम बमोजिम कार्यक्रम वा आयोजनाहरुको चौमासिक र वीर्षिक रुपमा प्रगति समीक्षा एवम् मूल्यांकन गर्नुपर्नेछ ।

(२) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रगति प्रवितेदन एवम् समीक्षा देहाय बमोजिम हुनेछ :-

(क) गाउँ सभाबाट स्वीकृत र कार्यक्रमको एक/एक प्रति गाउँपालिकाले प्रदेश सरकार र संघिय सरकारको मन्त्रालयमा पठाउने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृतको हुनेछ ।

(ख) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको चौमासिक र वार्षिक रुपमा प्रगति समीक्षा गर्नुपर्नेछ ।

(ग) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको वित्तीय एवम् भौतिक प्रगति प्रतिवेदन तथा अन्य विवरण गाउँपालिकाले प्रदेश र संघिय मन्त्रालयमा देहायको समयावधि भित्र पठाउनु पर्नेछ :-

| सि.नं. | विवरण | गा.पा. |
|---|---|---|
| १ | मासिक प्रगति प्रतिवेदन । | प्रत्येक महिनाको पाँच गतेभित्र । |
| २ | पहिलो चौमासिक प्रतिवेदन । | कार्तिक पाँच गतेभित्र । |
| ३ | दोस्रो चौमासिक प्रतिवेदन । | फाल्गुण पाँच गतेभित्र । |
| ४ | तेस्रो/वार्षिक चौमासिक प्रतिवेदन । | अषाढ दश गतेभित्र । |
| ५ | वित्तिय समानिकरण अनुदान र सशर्त अनुदान बाट सञ्चालन गरिने आयोजना लगानी विवरण । | तयार भएको मितिले सात दिन भित्र । |
| ६ | गाउँकार्यपालिका तथा गाउँ सभाका निर्णयहरु । | निर्णय भएका मितिले सात दिनभित्र । |
| ७ | आफ्नो क्षेत्रमा सञ्चालित मुख्य कार्यक्रम वा आयोजनाहरुको एकीकृत रुपमा सूचनमूलक वार्षिक प्रतिवेदन । | आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र । |
| ८ | वित्तीय प्रतिवेदन । | महिना समाप्त भएको पाँच दिन भित्र । |
| ९ | वार्षिक आर्थिक विवरण । | |
| १० | आन्तरिक लेखापरीक्षण प्रतिवेदन । | |
| ११ | गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन । | |

३. गाउँपालिकाबाट सञ्चालित दुई करोड भन्दा बढी लागतका कार्यक्रम वा आयोजना सम्पन्न भएको तीन वर्षपछि कम्तीमा दुई वटा आयोजनाको प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ । यसरी मूल्याङ्कनबाट सिकिएका पाठहरुलाई नयाँ कार्यक्रम वा आयोजना छनौट तथा कार्यान्वयन गर्दा पृष्ठपोषण रुपमा लिने पद्धतिको विकास गर्नुपर्नेछ ।

**३३. मूल्याङ्कन तथा पुरस्कारसम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधिमा उल्लिखित प्रावधनहरुको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा न्यूनतम शर्त र कार्यसम्पादन मूलयाङ्कन समेतको आधारमा गाउँ कार्यपालिकाले मूल्याङ्कन गर्नेछ ।

(२) उपदफा(१) बमोजिमको मूयाङ्कन समेतका आधारमा गा.पा.ले सम्बन्धित वार्ड र त्यस्तो निकायको कार्यालयका उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा(१) बमोजिम गाउँ कार्यपालिकाले न्यूनतम शर्त मापन समेतको परिमाणको आधारमा गाउँपालिकाले कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

(४) गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम आफ्नो क्षेत्रको विकासमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति, समाजसेवी, कर्मचारी, उपभोक्ता समिति, सामुदायिक संस्था, टोल विकास संस्था, गैर सरकारी संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवम् कर्मचारुहलाई पुस्कृत गर्न सक्नेछ ।

## परिच्छेद - ६

## बजेट अख्तियारी र निकासा प्रक्रिया

३४. **बजेट अख्तियारी र निकासा सम्बन्धी व्यवस्था :** (१)स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ बमोजिम बजेट अख्तियारी र निकासा प्रक्रिया देहाय वमोजिम हुनेछ ।

(क) गाउँ सभाबाट बजेट स्विकृती भएको ७ दिनभित्र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नेछ ।

(ख) उपदफा (१) बमोजिम अख्तियारी प्राप्त भएको १५ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतले सम्बन्धित मशाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने ।

(ग) उपदफा (१) र (२) वमोजिम अख्तियारी प्राप्त भएको रकम स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने वा राख्न लगाउने लेखापरिक्षण गराउने, बेरुजु फछ्यौट गर्ने समेतको लेखा सम्बन्धित सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुनेछ ।

(घ) स्थानीय सञ्चित कोषको संचालन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखले गर्नेछ ।

(ङ) खर्च खाताको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा अधिकृत निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको कर्मचारी ले गर्नेछ ।

(च) प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) कार्य पालिकाले गाउँ सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन ।

(२) गाउँपालिकालाई प्राप्त अनुदान रकम गाउँपालिकाको स्थानीय सञ्चित कोषमा जमा गर्नु पर्नेछ ।

(३) गाउँ सभाले विनियोजित अनुदान रकम चालू र पूँजिगत खर्चमा वर्गीकरण गरी चौमासिक रुपमा निकासाको लागि कोष तथा नियन्त्रकको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले पूँजिगत खर्चतर्फ प्रथम चौमासिक रकम निकासा माग गर्दा देहायको विवरण तथा कागजात कोष तथा लेखा नियन्त्रकको कार्यालयमा पेश गर्नुपर्नेछ :-

(क) चौमासिक निकासा मागपत्र,

(ख) गाउँ सभाबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र कार्यक्रम वा आयोजनाको विवरण,

(ग) सम्पन्न र क्रमागत आयोजनाहरुको वार्षिक प्रगति विवरण,

(घ) पेश्की र बेरुजुको विवरण, र

(ङ) गत आर्थिक बर्ष भन्दा एकवर्ष अगाडिको अन्तिम लेखा परीक्षणको प्रतिवेदन ।

(५) गाउँपालिकाले पूँजिगत खर्चतर्फ दोस्रो चौमासिक रकम माग गर्दा देहाय अनुसारको विवरण तथा कागजात कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ ।

(क) पेश्की विवरण ।

(ख) प्रथम चौमासिक रकमबाट गरिएको कार्य प्रगति र खर्चको विवरण ।

(६) गाउँपालिकाले पूँजिगत खर्च तर्फ तेस्रो चौमासिक रकम माग गर्दा देहायको विवरण तथा कागजात कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ :-

(क) प्रथम र दोस्रो चौमासिकको रकमबाट भएको कार्यको प्राविधिक मूल्याङ्कन सहितको यथार्थ प्रगति विवरण तथा चौमासिक प्रगति प्रतिवेदन ।

(ख) क्रमागत आयोजनाको प्रगति विवरण ।

(ग) पेश्की विवरण ।

(घ) तेस्रो चौमासिक निकासा हुनको लागि कुल पेश्कीको कम्तीमा पचास प्रतिशत पेश्की फछ्र्यौट भएको हुनुपर्नेछ ।

(ङ) गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण प्रतिवेदन ।

## परिच्छेद - ७
## कोष व्यवस्थापन

**३५. स्थानीय सञ्चित कोष :** (१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ६९ बमोजिम गाउँपालिकाको स्थानीय सञ्चित कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा देहायका रकमहरु रहनेछन् :

(क) आफूले उठाएको राजश्व तथा आयबाट प्राप्त रकम ।

(ख) राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम ।

(ग) नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम ।

(घ) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम ।

(ङ) कुनै व्यक्ति, संघ/संस्थाबाट प्राप्त रकम ।

(च) राष्ट्रिय प्राथमिकताका आधारमा गाउँपालिकाको लागि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघ/संस्था वा व्यक्तिबाट लिएको बैदेशिक सहायताबाट उपलब्ध गराएको रकम ।

(छ) अन्य गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम ।

(ज) आन्तरिक ऋणबाट प्राप्त रकम ।

(झ) अन्य स्रोतबाट प्राप्त हुने कुनै रकम ।

(३) गाउँपालिकाको कोषमा जम्मा हुन आउने सबै रकम कुनै बैंकमा खाता खोलि जम्मा गर्नुपनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धि व्यवस्था यसै कार्यविधि वमोजिम हुनेछ ।

**३६. गाउँ पालिकाको स्थानीय सञ्चित कोष सञ्चालन र व्यवस्थापन :** गाउँपालिका कोषको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) यस कार्यविधिको दफा ३४ बमोजिम प्राप्त हुन आउने रकम नेपाल सरकारबाट तोके बमोजिमको बैंकमा खाता खोली राख्नुपर्नेछ ।

(ख) कोषमा प्राप्त हुने सबै प्रकारको रकमको स्रोत अनुसारको खाता वा सहायक खाता गा.पा.ले राख्नुपर्नेछ ।

(ग) चालू खर्च र पूँजिगत खर्चका लागि छुट्टछुट्टै दुईवटा खाता राखी आर्थिक कारोबारको अभिलेख

व्यवस्थित गर्नुपर्दछ । उक्त हिसाब मासिक रुपमा बैङ्क खातासँग मिलान गराउनु पर्नेछ ।

**३७. आकस्मिक तथा विशेष कोष सम्बन्धी व्यवस्था :** (१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७० बमोजिम आकस्मिक कोष तथा विशेष  कोष सञ्चालन गर्न सकिनेछ ।

(२) यस्तो कोषमा पूँजिगत रकम, लक्षित समूहका लागि छुट्याइएको रकम वा प्रवर्द्धनात्मक कार्यक्रमको लागि छुट्टयाइएको रकमबाट गाउँ सभाको निर्णय बमोजिम जम्मा गर्न सकिनेछ ।

(३) कोषको सञ्चालन तथा खर्चका प्रक्रियाहरु निर्धारण गर्दा कोषको उद्देश्यसँग सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्ने । यस्तो कोषमा खर्च नभई बाँकी रहेको रकम सञ्चित हुँदै जानेछ ।

(४) यस्ता कोषमा जम्मा भएको रकम जुन प्रयोजनका लागि राखिएको हो सो बाहेक अन्य प्रयोजनमा वा आर्थिक सहायता, अनुदान वा चन्दा पुरस्कार जस्ता वितरणमुखी कार्यका लागि खर्च पाइने छैन ।

**३८. रकम फ्रिजसम्बन्धी व्यवस्था :** (१) सालतमाममा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम गर्नपर्नेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार बाट निकासा भएको सबै सशर्त, वित्तिय समानिकरण, समपूरक अनुदान र विशेष अनुदान  रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगाडि नै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक कारोबार बन्द गरेपछि बाँकी रहेको रकम स्थानीय सञ्चित कोष खातामा जमा हुनेछ । यसरी जमा भएको रकम मध्ये आन्तरिक आम्दानीको रकम, राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम समेत आगामि आर्थिक बर्षको लागि जिम्मेवारी सारी लेखा राख्नुपर्नेछ ।

(२) सम्झौता भई सम्पन्न नभएका र दायित्व सिर्जना भएका क्रमागत आयोजनाको भुक्तानी दिन बाँकी रकमको विवरण प्रमाणित गराई राख्नु पर्नेछ ।

(३) रकमानान्तर सम्बन्धि व्यवस्था : ऐनको दफा ७९ बमोजिम गाउँ कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा २५% मा नबढाई रकमानान्तर गरिनेछ ।

## परिच्छेद -८
## लेखा र लेखापरीक्षण

**३९. कारोबारको लेखा :** (१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ बमोजिम कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व खर्च शिर्षकको वर्गिकरण देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परिक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(ख) प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(ग) गाउँपालिका तथा वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्नेछ ।

(घ) गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय र व्ययको चौमासिक शिर्षक विवरण तयार गरी संघिय,अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोगमा पठाउनु पर्नेछ ।

(ङ) गाउँपालिकाको आय-व्ययको लेखा राख्ने जिम्मेवारी पाएको कर्मचारीले ठिक सँग लेखा नराखेको कारणबाट नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकालाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न आएको हानी नोक्सानी त्यस्तो हानी नोक्सानी गर्ने कर्मचारीबाट असुल उपुर गर्नुपर्नेछ ।

(२) लेखापरीक्षण : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ बमोजिम लेखा परिक्षण गराउनु पर्नेछ :

(क) गाउँपालिकाले आफ्नो आय-व्ययको अन्तिम लेखा परीक्षण महा लेखापरिक्षकबाट गराउनु पर्नेछ ।

(ख) गाउँपालिकाले कानून बमोजिम आफ्नो आय-व्ययको आन्तरिक लेखा परिक्षण गराउनु पर्नेछ ।

(ग) उपदफा २ को खण्ड (ख) बमोजिम आन्तरिक लेखा परिक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखा परिक्षण हुन अगावै सम्परीक्षण गराउनु पर्नेछ ।

(घ) उपदफा २ को खण्ड(ख) बमोजिम गरिएको आन्तरिक लेखा परिक्षणको एक प्रति अन्तिम लेखा परिक्षकका लागि खटिने डोर वा महालेखा परिक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ९
## सुशासनम्बन्धी व्यवस्था

४०. **उत्तरदायित्व सम्बन्धी व्यवस्था :** गाउँपालिकाको सम्पूर्ण काम कार्यवाहीलाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जिम्मेवारयुक्त बनाई गाउँपालिकालाई सेवाग्राही प्रति उत्तरदायी गराउन देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ :-

(१) कार्यविभाज नियमावली २०७४ र कार्य सम्पादन नियमावली २०७४ बमोजिम पदाधिकारी, जनप्रतिनिधी र कर्मचारी विच कार्य जिम्मेवारी दिईनेछ ।

(२) कार्यालयको कार्यमा विभिन्न विभाग, शाखा, कार्यालय, इकाईको कार्य जिम्मेवारी र उक्त शाखा इकाई कार्यालयमा काम गर्ने प्रत्येक कर्मचारीको काम, कर्तव्य र अधिकार एवम् जिम्मेवारी तोकी काम गराउने व्यवस्था मिलाउनु पर्नेछ । यसरी जिम्मेवारी तोकेपछि सम्बन्धित शाखालाई कार्यसम्पादन मापन सूचकसँग समेत अन्तर सम्बन्ध स्थापित गर्नु पर्नेछ ।

(३) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उक्त सूचकहरु अनुसार कार्य गरे नगरेको वस्तुगत मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने परिपाटी अवलम्बन गर्नुपर्नेछ ।

(४) नागरिकप्रति उत्तरदायी भई व्यवहार गर्न, नागरिकका आधारभूत आवश्यकता र अधिकारहरु प्रति संवेदनशील भई प्रभावकारी सेवा प्रवाह गर्न, आफ्ना कर्मचारी एवम् पदाधिकारीहरुलाई अभिमुखीकरण गर्नुको साथै कार्यालयको कार्य वातावरणमा आवश्यक सुधार ल्याउनु पर्नेछ ।

(५) नागरिकका लिखित वा मौखिक गुनासाहरुलाई प्राथमिकता दिई सम्बोधन गर्न कर्मचारी तोक्नु पर्नेछ । जिम्मेवार कर्मचारीले प्राप्त गुनासा र सुनुवाई गरेको विवरण चौमासिक रुपमा समीक्षा बैठकमा पेश गर्नु पर्नेछ ।

(६) सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यान्वयन गराउन प्रतिवद्ध रहनु पर्नेछ ।

(७) गाउँपालिकाले आफूले संचालन गरेको कार्यक्रम वा आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा चौमासिक सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(८) कैलारी गाउँपालिका स्थानीय सेवा प्रदायकको काम कारवाहीका पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको अर्ध-स्वायत्त प्रकृतिको स्थानीय शासन तथा उत्तरदायित्व सहजीकरण संयन्त्र (एल.जि.ए.एफ) मार्फत् स्थानीय तहको काम कार्यवाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, सामजिक परीक्षण, र्साजनिक परीक्षण, जनसर्भेक्षण र नागरिक वडापत्रको व्यवस्थित गर्नेजस्ता कार्य गरी स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउनुका साथै वित्तीय अनुशास कायम गरिनेछ ।

(९) व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा कार्यक्रमको भत्ता, नागरिक सरोकारका दैनिक सिफारिस जस्ता विषयहरुलाई प्राथमिकता दिई नागरिकलाई प्रवाह हुने सेवा सुनिश्चित हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(१०) कैलारी गाउँपालिकाको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्बन्धमा सम्बन्धित पक्षको चित्त नबुझेमा सम्बन्धित स्थानीय तह समक्ष उजुरी दिन सकिनेछ । त्यस्तो उजुरीको सुनुवाई गर्नु सम्बन्धित स्थानीय तहको प्रमुखको कर्तव्य हुनेछ ।

(११) कैलारी गाउँपालिकाका कर्मचारीहरुको सम्पत्ति विवरण प्रचलित कानून बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रले तोके बमोजिमको ढाँचामा व्यवस्थित गरी राख्नु पर्नेछ ।

(१२) कैलारी गाउँपालिकाका पदाधिकारी एवम् कर्मचारीहरुको आचार संहिता पारित गराई लागू गर्नु गराउनु पर्नेछ ।

४१. **पारदर्शिता सम्बन्धी व्यवस्था :** गाउँपालिकाले आफूले गरेका काम कारवाहीलाइ पारदर्शी ढंगले सञ्चालन गर्न देहाय बमोजिम व्यवस्था गर्नुपर्नेछ :-

(१) गाउँपालिकाले संचालन गरेका कार्यक्रम वा आयोजनाहरुको आयोजनाको नाम, लागत अनुमान, सम्झौता मिति, सम्पन्न हुने मिति, लाभान्वित जनसंख्या, लागत सहभागिता जस्ता विवरण सहितको सूचना पाटी सर्वसाधारणले देख्न सक्ने गरी योजना स्थलमा राख्नुपर्नेछ ।

(२) कैलारी गाउँपालिकाबाट सञ्चालित कार्यक्रम, आयोजना तथा बजेट सबैले देख्ने गरी सूचना पाटीमा टाँस्ने, सार्वजनिक गर्ने, स्थानीय सञ्चारका माध्यम एफ.एम. रेडियो मार्फत् प्रचार प्रसार गर्ने कार्य गर्नु पर्नेछ ।

(३) कैलारी गाउँपालिकाले आफ्नो आम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक रुपमा विभिन्न माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

(४) गाउँपालिकाको वित्तीय एवम् भौतिक प्रगतिबारे सर्व साधारण एवम् सरोकारवालालाई सुसूचित गराउनका लागि बजेट तथा योजना तर्जुमा समिति, संघ/संस्था, राजनितिक दल मार्फत् आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनाको सार्वजनिक परीक्षण गराउनु पर्नेछ । सार्जजनिक परीक्षण नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईने छैन ।

(६) गाउँपालिकाले संघ/संस्था, समूह, राजनितिक दल समेतको सहभागितामा परीक्षण गर्नु पर्नेछ । सामाजिक परीक्षण हुने स्थान र पस्थिति सम्बन्धी सूचना व्यापक रुपमा प्रचार-प्रसार गर्नुपर्नेछ ।

(७) गाउँपालिकाले देहायका विषयहरु आफ्नो वेभसाइटमा राख्नुका अतिरिक्त स्थानीय वा राष्ट्रिय पत्रपत्रिका, एफ.एम. रेडियो लगायतका सञ्चार माध्यमहरुबाट सार्वजनिक गर्नुपर्नेछ :-

(क) आवधिक तथा वार्षिक योजनाहरु,

(ख) वार्षिक कार्यक्रम तथा बजेट,

(ग) सबै प्रकारका आम्दानी, खर्च र चौमासिक र वार्षिक प्रगति विवरणहरु,

(घ) गाउँपालिका भित्रको वस्तु स्थिति झल्कने विभिन्न वस्तुगत सूचनाहरु,

(ङ) गाउँपालिकाको सम्पूर्ण निर्णयहरु,

(च) कार्यालयको संगठन संरचना, शाखागत जिम्मेवारी र सबै कर्मचारीको नाम नामेसी र कार्य विवरण,

(छ) गा.पा. बाट पारित विनियम, कार्यविधि र निर्देशिका आदि,

(ज) आफ्नो क्षेत्रमा कार्यरत विकास साझेदार संस्थाहरुको विवरण,

(झ) अनुगमन तथा मूल्याङ्कनका प्रतिवेदनहरु,

(ञ) सेवा प्रवाहसँग सम्बन्धित निवेदनको ढाँचा तथा फारामहरु,

(ट) सामाजिक सुरक्षा भत्ता तथा बाल संरक्षण अनुदान प्राप्त गरेका व्यक्तिहरुको नाम नामेसी सहितको विवरण,

(ठ) नागरिक बडापत्र ।

४२. **वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था :** गाउँपालिकाको संस्थागत, आर्थिक, वित्तीय सुशासन एवम् विश्वसनीयता कायम गर्दै यस सम्बन्धी जोखिमहरु न्यूनीकरण गर्नका लागि देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ :-

(क) पूँजिगत रकमबाट लगानी निषेध गरिएका क्षेत्रमा गरिएको खर्च र तोकिएको सीमा बाहिर गरेको कन्टिनजेन्सी खर्चको निर्णय गर्ने पदाधिकारीबाट कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(ख) उपभोक्ता समितिबाट संचालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुनेछ । लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(ग) भए गरेको कामलाई नगेरको भनी तथा नगरेका कामलाई गरेको भनी सिफारिसश गर्ने, नाप जाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(घ) यस कार्यबिधि बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनुका साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई प्रचलित कानून बमाजिम कारवाही हुनेछ ।

(ङ) गाउँपालिकाको सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र नियमित गराउन संघिय सार्वजनिक खरिद ऐन र नियमावलीको पूर्ण पालन गर्दै विद्युतीय माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्नेछ । ठेक्कापट्टा प्रक्रियाामा हुनसक्ने अनियमतता, मिलोमतो र जवरजस्ती गर्ने जस्ता कानून विपरितका कार्यहरु निरुत्साहित गर्न स्थानीय प्रशासनले आवश्यक सहयाग गर्नुपर्नेछ ।

(च) भौतिक एवम् वित्तीय प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने, सार्वजनिक परीक्षण, लैंगिक परीक्षण, सामाजिक परीक्षण, आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण तोकिए बमोजिम सम्पन्न गराउने र तदनारुप प्राप्त सुझावको कार्यान्वयन गराउने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

(छ) स्थानीय सरकार सञ्चालन ऐन, नियम, प्रचलित कानून र यस कार्यविधि विपरित कुनै पनि कार्यक्रम वा क्रियाकलाप र सेवा प्रवाह सम्बन्धी कार्य सञ्चालन गर्न पाईने छैन ।

(ज) कार्यक्रम वा आयोजनाहरुको यस कार्यविधिमा उल्लेख भए बमोजिम नियमित रुपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा गर्नुपर्नेछ ।

(झ) नीतिगत एवम् कार्यक्रम वा आयोजना कार्यान्वयनमा हुनसक्ने अनियमिता, भ्रष्टाचार र अख्तियारको दुरुपयोग लगायत निहित स्वार्थका लागि काम गर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(ञ) गाउँपालिकाको हित विपरित ठेक्का भेरिएसन गर्न वा मूल्य समायोजना गर्न वा स्वार्थ बाझिने काम गर्न पाइने छैन ।

(ट) प्रत्येक आर्थिक वर्षको बैशाख मसान्तपछि नयाँ आयोजना सम्झौता गर्न वा पेश्की उपलब गराउन पाईने छैन । साथै रकम फ्रिज नगर्ने गलत मनसायले नियमभन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थानान्तरण गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई कानून बमोजिम कारवाही हुनेछ ।

(ठ) आर्थिक वर्षको अन्तिम महिनामा पेश्की लिने वा दिने रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने-जस्ता कार्यहरु गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

(ङ) गाउँ सभाबाट बार्षिक कार्यक्रम वा आयोजना स्वीकृत गर्दा विषय क्षेत्रगत रुपमा एकमुष्ठ छुट्याउने वा अवण्डामा नराखी आयोजनागत रुपमा बजेट बाँडफाड गर्नुपर्नेछ ।

(ढ) स्थानीय तहबाट सञ्चालित कार्यक्रम वा आयोजनाको रकम उपभोक्ता समिति, ठेकेदार वा अन्य कार्यान्वयन गर्ने निकायबाट दुरुपयोग भएको पाइएमा वा अनुमानित लागतको तुलनामा संलग्न प्राविधिक कर्मचारी, व्यक्ति, पदाधिकारी वा निकायलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**४३. पूँजिगत अनुदान कटौति वा रोक्का राख्न सकिने :** (१) देहायको अवस्थामा गाउँ कार्यपालिकाले वडाको पूँजिगत अनुदान कटौति वा रोक्का गर्न सकिनेछ :-

(क) कार्याविधिको दफा १३ अनुसार लगानी गर्न निषेध गरिएका विषय वा क्षेत्रमा बजेट विनियोजन वा खर्च गरेको प्रमाणित भएमा,

(ख) कार्यविधिको दफा ५२ को प्रतिकूल हुनेगरी काम कारबाही गरेको प्रमाणित भएमा,

(ग) कार्यविधि बमेजिम मन्त्रालयमा पठाउनु पर्ने आयोजना लगानी विवरण तालिका, मासिक वा चौमासिक एवम् वार्षिक प्रगति प्रतिवेदन र आन्तरिक र अन्तिम लेखा परीक्षण तोकिएको समयमै नपठाएमा,

(घ) बैशाख मसान्तपछि नयाँ कार्यक्रम वा आयोजना स्वीकृत गर्ने, रकम बाँडफाँड गर्ने, सम्झौता गर्ने वा पेश्की दिनेजस्ता कार्य गरेको पाइएमा,

(ङ) प्रचलित कानूनका उल्लंघन गरेमा वा प्रदेश तथा संघिय मन्त्रालयबाट समय समयमा भएको निर्देशन पालना नगरेको पाइएमा,

(च) राजश्व बाँडफाँड अन्तर्गत उपलब्ध हुने करमबाट कुनै पनि प्रकारको चालू खर्चशीर्षकमा रकम विनियोजन गरी खर्च गरेको पाइएमा,

(२) गाउँपालिकाले उपदफा(१) बमोजिम अनुदान रोक्का राख्नुपूर्व सम्बन्धित वडासँग रोक्का राख्नु नपर्ने भए सोको चित्तबुझ्दो  जबाफ माग गर्नुपर्नेछ । यसरी वडाबाट प्राप्त जवाफ समेतको आधारमा गा.पा.ले अनुदान रोक्का राख्ने निर्णय गरेमा रोक्का राख्नुको कारण सहितको व्यहोरा सम्बन्धित वडालाई लिखित रुपमा जानकारी गराउनुका साथै सार्वजनिक गर्नुपर्नेछ ।

(३) विकास साझेदार र संघ संस्थाहरुमा प्राप्त हुने सशर्त तथा निःशर्त अनुदान तोकिएका शर्त बमोजिम उपयोग नगरेको पाईएमा गाउँपालिकाले कुनै एक आर्थिक वर्ष वा कार्यक्रम अवधिभर नै आंशिक वा पूरै सशर्त तथा निःशर्त अनुदान रोक्का गरी कार्यक्रम बन्द गर्न सक्नेछ ।

## परिच्छेद -१०

## गाउँपालिका सम्बन्धि विशेष व्यवस्था

**४४. प्राविधिक कर्मचारी सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाको लागि प्राविधिक कर्मचारीको व्यवस्थापन देहाय बमोजिम गर्न सकिनेछ :-

(क) गाँउ कार्यपालिकाले कार्यालयमा प्राविधिक सहायक वा प्राविधिक कर्मचारी नभएको अवस्थामा प्राविधिक सेवा लागि कम्तीमा असिस्टेन्ट सव ईन्जिनियर सरहको पदमा सेवा करारमा लिन सक्नेछ ।

(ख) गाउँपालिकाको प्राविधिक कार्यलाई सहज, मितव्ययी र सरलीकरण गर्न दुई वा दुईभन्दा बढी गा.पा.ले संयुक्त रुपमा प्राविधिकको सेवा लिने व्यवस्था मिलाउन प्राथमिकता दिनुपर्नेछ ।

(ग) गा.पा.ले आफैंले प्राविधिकको व्यवस्था गर्न नसकेमा प्राविधिक सेवाका लागि प्रदेश वा संघिय मन्त्रालयमा अनुरोध गर्नुपर्नेछ त्यसरी अनुरोध भई आएमा गाउँपालिकामा अलग-अलग वा भौगोलिक हिसाबले पायक मिल्ने दुईभन्दा बढी गा.पा.को समूह बनाई प्राविधिक राख्ने व्यस्था मिलाउन सक्नेछ । यसरी प्राविधिक सेवा उपलब्ध गराइएकोमा सोसम्बन्धी खर्च सम्बन्धित गा.पा. बाट भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) माथि उल्लेख भए अनुसारका प्राविधिक कर्मचारीको पारिश्रमिक वा दैनिक भ्रमण भत्ता आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी) बाट वा प्रशासनिक खर्च शीर्षकबाट खर्च बेहोर्न सकिनेछ ।

**४५. सामाजिक परिचालक सम्बन्धी व्यवस्था :** गाउँपालिकामा स्थानिय सेवा प्रदायक कार्यमा सहजिकरणको लागि सामाजिक परिचालक राख्न सकिनेछ ।

**४६. गा.पा. र जि.स.स. सम्बन्धमा :** (१) अन्तर स्थानीय तह बिचको विकासका पूर्वाधार व्यवस्थित गर्न जिल्ला समन्वय समिति सँग समन्वय गर्न सकिनेछ ।

(२) अन्तर स्थानीय तहमा सञ्चालन हुने कुनै कार्यक्रममा समन्वय तथा सहजिकरण गरी देखा परेका समस्या समाधान गर्ने र सुचारु रुपमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ ।

(३) गाउँपालिकाको आयोजना प्रक्रियामा जिल्ला तथा ईलाकास्तरका सरकारी गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

(४) गाउँपालिका मानव संशाधन विकासका लागि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(५) ऐन, नियमावली, कार्यविधि, निर्देशिका बारे गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखीकरण तालिम अथवा गोष्ठी सञ्चालन गरिनेछ ।

**४७. अन्तर स्थानिय तहको विकास योजना सहजीकरण समिति :** अन्तर स्थानीय तह बाट सञ्चालन हुने आयोजना कार्यान्वयन सहजीकरण गर्न जि.स.स.ले सहजीकरण समिति गठन गर्न सकिनेछ ।

## परिच्छेद - ११
## विषयगत क्षेत्रको सशर्त अनुदानको कार्यान्वयन सम्बन्धी व्यवस्था

४८. **विषयगत क्षेत्रको सशर्त अनुदानको कार्यान्वयन :** विकेन्द्रीकरण को भावना अनुरूप स्थानीय सरकार सञ्चालन ऐनलाई स्थापित गर्नका लागि विषयगत क्षेत्रको निक्षेपण कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम गर्नुपर्नेछ :-

(१) विषयगत क्षेत्रको निक्षेपण प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले निक्षेपित क्षेत्रसँग सम्बन्धित साझेदारहरूलाई निक्षेपित कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गर्नुपर्नेछ ।

(२) निक्षेपित कार्यक्रम कार्यान्वयन गर्ने निकाय, सेवा प्रदायक र सम्वन्धित साझेदार संस्थाहरू बीच कार्यगत समन्वय कायम गरी परिपूरक उपलब्धि हासिल गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) विषयगत क्षेत्रका सशर्त अनुदानको लागि देहाय बमोजिमका स्रोतहरू व्यवस्था गरिनेछ ।

(क) संघिय सरकार र प्रदेश सरकार बाट प्राप्त रकम विषयगत कार्यालयबाट कार्यक्रम सञ्चालन हुनेगरी उपलब्ध गराउने निक्षेपित कार्यक्रमको रकम ।

(ख) गाउँपालिकाले आफ्नो स्रोतबाट विषयगत कार्यक्रमका लागि छुट्याउने रकम ।

(ग) गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकार बाट प्राप्त सशर्त र निशर्त अनुदान मध्येबाट विषयगत कार्यक्रमलाई छुट्याउने रकम ।

(घ) अन्य क्षेत्रबाट प्राप्त रकम ।

(४) विषयगत क्षेत्रको सशर्त अनुदान सम्बन्धित गाउँ सभाबाट स्वीकृत गरिएका आयोजना वा कार्यक्रमहरूको कार्यान्वयनमा मात्र खर्च गर्न पाईनेछ ।

## परिच्छेद -१२
## विविध

४९. **गाउँपालिकाले अनुदान प्राप्त गर्ने सम्बन्धि व्यवस्था :** गाउँपालिकाले जनसंख्या, क्षेत्रफल, भौगोलिक विकटता, आन्तरिक आम्दानी, विकासको स्तर आदिका आधारमा सूत्रावद्ध तरिकाले विनियोजन गर्नुपर्नेछ । शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुमा विशेष कार्यक्रमको लागि संघिय सरकार र प्रदेश सरकारबाट विशेष अनुदान माग गर्न सकिनेछ ।

५० . **गैरसरकारी संस्था सम्बन्धी व्यवस्था :** (१) गैरसरकारी संस्थाले आफ्ना कार्यक्रम वा आयोजना वा स्रोत स्थानीय स्तरमा परिचालन गर्दा गाउँपालिकामा आफूले गर्ने काम, कार्यस्थल र प्रवाह गर्ने रकम, कार्य सञ्चालन हुने अवधि, मुख्य उपलब्धी खुल्ने गरी समझदारी पत्र तयार गरी समन्वयात्मक ढंगलेकार्यसम्पादन गर्नेव्यवस्था मिलाउनुपर्नेछ ।

(२) विकास साझेदारको गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसकारी संस्था मार्फत् कार्यान्वयन हुने कार्यक्रमहरुमा पनि उपदफा(१) अनुसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गैरसरकारी संस्थाले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा गाउँपालिकाबाट प्राथमिकिकरणमा परेका र सहभागितामूलक तवरबाट छनौट भई आएका कार्यक्रम वा आयोजना सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(४) गैरसरकारकी संस्थाले स्थानीय स्तरमा स्रोत परिचालन गर्दा गाउँपालिकासँग समझदारी गरी

समन्वयात्मक र जवाफदेही ढंगबाट कार्यक्रम वा आयोजना सञ्चालन गर्नुपर्नेछ । यस्ता कार्यक्रम वा आयोजनाको गाउँपालिकाले प्रभावकारी अनुगमन गर्नुपर्नेछ ।

(५) गैरसरकारी संस्थाले गरेको कार्य प्रगति बारे चौमासिक र वार्षिक रुपमा सम्बन्धित गाउँपालिकामा प्रगति समीक्षा गराउनु पर्नेछ ।

(६) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले कार्य सञ्चालन गर्दा प्रचलित कानून बमोजिम पारदर्शी र प्रतिस्पर्धी तवरबाट राष्ट्रिय वा स्थानीय स्तरमा कार्यरत गैरसरकारी संस्था छनौट गरी सो मार्फत संचालन गर्नुपर्नेछ । साथै अर्न्राष्ट्रिय गैरसरकारी संस्थाले गाउँपालिकाबाट प्रारम्भिक स्वीकृती नलिइकन कुनै पनि कार्यक्रम वा आयोजना सञ्चालन गर्न पाउने छैनन् ।

(७) गैरसरकारी संस्थाले प्रचलित कानून बमोजिम संस्थाको दर्ता, नवीकरण, आयव्ययय तथा लेखाको अद्यावधिक विवरण राखेको र वार्षिक रुपमा लेखा परीक्षण गराएको हुनुपर्दछ ।

(८) यस दफामा उल्लिखित शर्त पूरा नगर्ने गैरसरकारी संस्थालाई नवीकरणका लागि सिफारिस दिन गाउँपालिका बाध्य हुनेछैन ।

**५१. निर्देशनको पालना :** गाउँपालिकाले यस कार्यविधिका प्रावधानहरूको अतिरिक्त वजेट अख्तियारीमा तोकिएका शर्तहरू, प्रदेश सरकार र संघिय सरकारबाट गरिएका परिपत्र एवम् निर्देशन र न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधिमा उल्लिखित प्रावधानहरूको समेत पालना गर्नु गराउनु पर्नेछ ।

**५२. गा.पा.को भूमिका :** (१) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा गा.पा. आफै नगरी सम्बन्धित विषयगत कार्यालय, गैर-सरकारी संस्था वा सामुदायिक संस्था, उपभोक्ता समिति मार्फत् गर्नु गराउन प्राथमिकता दिनु पर्नेछ ।

(२) यसरी कार्यान्वयन गराउँदा सशर्त एवम् निःशर्त अनुदान, विषयगत क्षेत्रको सशर्त अनुदान तथा कार्यक्रम बजेटका माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

**५३. थपघट वा हेरफेर गर्न सक्ने :** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गा.पा.ले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**५४. खारेजी र बचाउः** (१) देहायका ऐन खारेज गरिएका छन् :

(क) स्थानीय स्वायत्त शासन ऐन, २०५५ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका कार्यविधि अन्तर्गत भए गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(३) यस कार्यविधिका प्रावधानहरूलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनुभन्दा अघि गाउँ सभा अधिवेशनबाट स्वीकृत भएका कार्यक्रम र बजेटलाई सोही अनुसार सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

तर यस कार्यविधिका अन्य प्रावधानहरूको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ । गाउँ सभाबाट स्वीकृत भएका कार्यक्रम वा आयोजना सञ्चालन गर्दा र अन्य कार्यक्रम वा आयोजना स्वीकृति, कार्यान्वयन सम्बन्धी क्रियाकलाप गर्दा यस कार्यविधिका प्रावधानहरूको समेत पालना गर्नुपर्नेछ ।

(४) यस कार्यविधिका कुनै प्रावधानहरु प्रचलित कानू एवम् ऐन, नियमावली र आर्थिक प्रशासन नियमावली संग बाझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।